प्रस्ताव नं. २ आ.ब. २०८१।०८२ को विनीयोजन ऐन, २०८१ सम्बन्धमा ।

निर्णय नं. २ प्रस्ताव नं. २माथी व्यापक छलफल गर्दा आ.ब. २०८१।८२ को विनीयोजन ऐन, २०८१पारित गर्ने निर्णय गरियो ।

# कालिकामाई गाउँपालिका

## विनीयोजन ऐन, २०८१

*कार्यपालिकाबाट स्वीकृत मिति : –२०८१।०५।२९*

## कालिकामाई गाउँपालिका

हरिहरपुरबिर्ता,पर्सा

*गाउँ सभाबाट अनुमोदन भएको मिति : –२०८१।०५।३०गते*

# कालिकामाई गाउँपालिकाको विनियोजन विधेयक,२०८१

**कालिकामाई गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावना**: कालिकामाई गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा(२) कालिकामाई गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

**१.संक्षिप्तनाम र प्रारम्भः** (१) यस ऐनको नाम"कालिकामाई गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ।

**२. परिभाषा :**

क)"गाउँ सभा"भन्नाले कालिकामाई गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले कालिकामाई गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

ग) "वडा समिति" भन्नाले कालिकामाई गाउँपालिकाको वडा समितिलाई सम्झनु पर्दछ।

घ) "बिषयगत शाखा"भन्नाले कालिकामाई गाउँपालिका अन्तर्गतको महाशाखा, शाखा,आयोजना, सचिवालय, ईकाइ, कार्यालय तथा अन्य प्रशासनिक ईकाइ समेतलाई सम्झनु पर्दछ।

ङ.) "संञ्चित कोष"भन्नाले कालिकामाई गाउँपालिकाको सञ्चित कोषलाई सम्झनु पर्दछ।

**३.आर्थिक वर्ष २०८१।०८२ को निमित्त सञ्चित कोषबाट रकमखर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८१।०८२को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु.३४,८३,१७,७४०।४०** (अक्षेरुपीरु.चौतिस करोड त्रियासि लाख सत्र हजार सात सय चालिस रुपैया चालिस पैसा मात्र)मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ। साथै उक्त रकम वाहेक केन्द्र सरकार, प्रदेश सरकार र आन्तरिक श्रोतबाट थप प्राप्तहुने रकमलाई संचित कोषमा आम्दानी गर्न र तोकिए बमोजिमका शीर्षकमा खर्च गर्न सकिने छ।

४. विनियोजनः (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१।०८२ को निमित्त कालिकामाई गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि विनियोजन गरिने छ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा कालिकामाई गाउँपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

## अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ/नगरकार्यपालिका | | | | |
| २ | | वडा समिति | | | | |
| ३ | | बिषयगतशाखा | | | | |
| ४ | | ऋणको सावाव्याजभुक्तानी | | | | |
| ५ | | लगानी (शेयर/ऋण) | | | | |
| | | **कुल जम्मा** | | | | |